आज मिति २०८० मंसिर २५ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक वसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)
उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)
वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)
वडा अध्यक्ष :– श्री चेत वहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)
वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)
वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)
वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)
वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)
वडा अध्यक्ष :– श्री तिल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)
वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)
वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)
कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ
कार्यपालिका सदस्य :– श्री पूर्ण घले
कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ
कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली
कार्यपालिका सदस्य :– श्री मधु माया वगाले
कार्यपालिका सदस्य :– श्री सोम वहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत :– श्री गौतम पंज्ञानी

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई
प्रविधिक शाखा प्रमुख :- श्री सुरेश गौतम
योजना शाखा प्रमुख :- श्री शैलेन्द्र घिमिरे

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले,लमजुङ
गण्डकी प्रदेश,नेपाल

**मिति २०८० मङ्सिर २५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०७/२३ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस वैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ : वडा कार्यलयमा वडा सदस्यको उपस्थिति सम्वन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन सेवाग्राहीका पिरमर्का एवम गुनासासँग वडा सदस्यहरुलाई साक्षात्कार गराउन एंव वडावाट संञ्चालन हुने कार्यक्रमहरुको वारेमा जानकारी दिलाउने उद्धेश्यले प्रत्येक वडा सदस्यहरुलाई वि.सं.२०८०।०९।०१ गते देखी लागु हुने गरी वर्णानुक्रम अनुसार प्रत्येक महिनामा ७ दिन आ-आफ्नो वडा कार्यालयमा अनिवार्य उपस्थिति हुन यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ३ : सार्वजनिक सुनुवाई सम्वन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको. कार्यालयवाट भएका सम्पूर्ण क्रियाकलापहरुको आम नागरीकहरुलाई जानकारी गराउने उद्धेश्यले आ.व. २०८०/८१ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम यही मिति २०८०/०९/१३ गते शुक्रवार भुलभुले सामुदायिक भवन, मर्स्याङ्दी -८ मा गर्ने गरी यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ४ : वडास्तरीय सञ्जाल गठन गर्ने सम्वन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकामा गठन हुन वाँकी रहेका वडास्तरीय महिला, किसान, युवा तथा खेलकुद, जेष्ठ नागरिक, अपांग, वालवालिका सञ्जालहरु २०८०. पुस मसान्त सम्म गठन गरि सक्न यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ५ सहकारी संस्थाको वचत हिनामिना बारे अध्ययन अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका भित्र कार्यक्षेत्र बनाइ दर्ता भएका वचत तथा ऋण सहकारी संस्था/बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएका सहकारी संस्थाले **(हाल ताघृङ घेर्मु बचत तथा ऋण सहकारी संस्था समेत)** वचतकर्ता/शेयर सदस्यको बचत हिनामिना गरेको भनी बेला-बेलामा आउने उजुरी/गुनासो उपरको वास्तविक अवस्था पत्ता लगाउन पिडित पक्ष र नियामक निकाय बीचको समझदारीमा समय निर्धारण गरी तपसिल वमोजिमको अनुगमन समिति गठन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको बैठकवाट सर्वसम्मतिले निर्णय गरियो ।

तपशिल

१. सयोजक : लेखा समितिको संयोजक, घनश्याम घले
२. सदस्य : प्रशासकीय अधिकृत,मर्स्याङ्दी गाउँपालिका, अर्जुन चपाई
३. सदस्य : मर्स्याङ्दी गाउँपालिका सहकारी समन्वय समितिको अध्यक्ष, लेखमान कतिला
४. सदस्य : समितिले चयन गरेको सहकारीको लेखा हेर्न सक्ने विज्ञ
५. सदस्य : मर्स्याङ्दी गाउँपालिकाको सहकारी शाखा, प्रमुख, नन्द राज गुरुङ

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुदीबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

**निर्णय नं. ६ सडक बोर्ड नेपालबाट यस आ.व. २०८०/०८१ मा विनियोजित बजेट सम्बन्धमा ।**

स्थानीय सडक मर्मत संभार कार्यको लागी सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौ बाट आ.व. २०८०/८१ को लागी रु २१,००,००० (अक्षरुपी एक्काईस लाख रुपैया मात्र) विनियोजित भएको पत्र मिति २०८०-०८-०१ मा प्राप्त भएकाले उक्त निर्माण गर्न यस गाँउपालिकाको वडा नं ६ मा अवस्थित डादी-दोभानचौर-अर्खलेवेशी-बाहुनडाँडा सडक को लागी यस कार्यालयबाट व्यहोर्नुपर्ने रकम रु ६,३०,०००।- (अक्षरुपी छ लाख तिस हजार रुपैया) विनियोजन गरी उक्त योजनाको नाम सिफारिस सहित सडक बोर्ड नेपालमा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

**निर्णय न ७ :- आ.व. २०७९/८० को संस्थागत क्षमता स्व-मुल्याङ्कन सम्वन्धमा .**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ अनुरुप यस मर्स्याङ्दी गाउँपालिकाको स्वमूल्याङ्कन गर्नको लागि सूचना प्रविधि अधिकृत श्री अविनाश भण्डारीलाई सम्पर्क व्यक्ति तोकि तपशिल वमोजिमका शाखा प्रमुखहरुलाई स्वमूल्याङ्कन जिम्मेवारी प्रदान गर्ने गरी यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपशिल

| क्र.स. | विषय क्षेत्र | जिम्मेवार शाखा प्रमुखको नाम थर |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | अविनाश भण्डारी (सूचना प्रविधि अधिकृत) |
| २ | संगठन तथा प्रशासन | अर्जुन चपाई (प्रशासकीय अधिकृत ) |
| ३ | बार्षिक बजेट तथा योजना | कृष्णराज सेढाई (लेखा शाखा प्रमुख) |
| ४ | वित्तिय एव आर्थिक व्यवस्थापन | कृष्णराज सेढाई (लेखा शाखा प्रमुख) |
| ५ | सार्वजनिक सेवा प्रवाह | अर्जुन चपाई (प्रशासकीय अधिकृत ) |
| ६ | न्यायिक कार्य सम्पादन | अर्जुन चपाई (प्रशासकीय अधिकृत ) |
| ७ | भौतिक पुर्वाधार | सुरेश गौतम (इन्जिनियर ) |
| ८ | सामाजिक समावेशीकरण | सोहीनी शोर्पा (महिला विकास शाखा) |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | नन्दराज गुरुङ(रोजगार संयोजक) |
| १० | सहकार्य र समन्वय | नन्दराज गुरुङ(रोजगार संयोजक) |

**निर्णय नं.८:- कार्यपालिकाको बैठकमा आउँदा निर्धारित समय र तोकिए बमोजिमको औपचारिक पोशाकमा आउने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका गाउँकार्यापालिकाको वैठकलाई आगामी दिनमा अरु बढी शिष्ट, मर्यादित एवम् व्यवस्थित ढंगले संचालन गर्न सहयोग पुगोस भन्ने हेतुले मिति २०८०/९/१ देखि लागु हुनेगरी गाउँ कार्यपालिकाका सदस्यहरु सबैले कार्यपालिकाको बैठकमा आंउदा अनिवार्य रुपमा औपचारिक पोशाकमा निर्धारित समयमा अनिवार्य रुपमा उपस्थित हुन यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं.९ :- हलुका सवारी साधन (तिन पाङ्ग्रे, चार पाङ्ग्रे) सञ्चालन समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

मिति २०८० मङ्सिर १० गते बसेको हलुका सवारी साधन (तिन पाङ्ग्रे, चार पाङ्ग्रे) सञ्चालक समितिको वैठकले गरेका निर्णयहरु यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पलिमुले,लमजुङ
गण्डकी प्रदेश,नेपाल

**निर्णय नं.१०:- हिउँदे गाउँसभा अगाडि विषयगत समितिको बैठक बोलाउने सम्बन्धमा ।**

मिति २०८० पुस ८ गते हुन गइ रहेको हिउँदे सभा अगावै विषयगत समितिहरु विच छलफल गर्न र राय सुझाव/प्रस्तावहरु गाउँ सभामा पेश गर्न आवश्यक भए सोही अनुसार तयार गर्न निम्नानुसार विषयगत समितिहरुको बैठक आव्सन गर्ने निर्णय गरियो ।

- सामाजिक विकास समिति - मिति २०८० पुस ३ गते ११ :०० बजे ।
- आर्थिक विकास समिति - मिति २०८० पुस ३ गते २ :०० बजे
- पूर्वाधार विकास समिति - मिति २०८० पुस ४ गते ११ :०० बजे
- विधायन समिति - मिति २०८० पुस ४ गते २ :०० बजे
- वातावरण तथा विपद व्यवस्थापन समिति - मिति २०८० पुस ५ गते ११ :०० बजे
- सार्वजनिक सेवा तथा क्षमता विकास समिति - मिति २०८० पुस ५ गते २ :०० बजे

**निर्णय नं.११ :- गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

मिति २०८० मङ्सिर ८ गते बसेको गाउँ शिक्षा समितिको बैठकले गरेका निर्णयहरु यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२: विद्यालयहरुमा उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने ।**

विद्यार्थीहरुलाई अनुशासित, लगनशिल र जिम्मेवार वनाउन हाललाई मर्स्याङ्दी गाउँपालिकाका सम्पूर्ण मा.वि.हरुमा उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १३ :-आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक, सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट मर्स्याङ्दी -३, तरापु पन्चे बाजा टोली रु. ४५६००।- (पोशाक र नर्सिङ खरिद)आर्थिक सहयोग गर्ने यस गाउँपालिकको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको सि.न.३ मा उल्लेखित वडास्तरीय र विद्यालयस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप शिर्षकवाट सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट भलिबल संघ, मर्स्याङ्दीलाई रु. ५०,०००।- (पालिकास्तरीय भलिवल टिम तयारी, तालिम अन्य)आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष